उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४
च.नं.

लहरेपौवा, रसुवा
वागमती प्रदेश, नेपाल

मिति: २०८३।०७।१६

श्री सम्वन्धित सवै,
उत्तरगया गाउँपालिका, लहरेपौवा, रसुवा ।

विषय: विविध शैक्षिक/आर्थिक सहयोग प्राप्त गर्नका लागि निवेदन दिने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको विनाशकारी वाढीका कारण वा अन्य कारणले अभिभावकविहीन वालवालिकाहरु (आमा वा वावु वा दुवै नभएका), उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरु र फरक क्षमता (अपाङ्गता) भएका विद्यार्थीहरुलाई वलियो प्रमाण अभिलेखको आधारमा भविष्यमा गाउँपालिका तथा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरु मार्फत गाउँ कार्यपालिकाको निर्णयको आधारमा विविध दिगो शैक्षिक/आर्थिक सहयोग/संरक्षण प्रदान गर्ने प्रयोजनको लागि आफ्नो अभिभावक/ एकाघरको सदस्यको सहयोगमा सम्वन्धित वालवालिकाहरुले तपसिलको कागजात सहित सूचना जारी भएको मितिले १५ दिनभित्र सम्वन्धित वडा कार्यालयमा यसैसाथ तोकिएको ढाँचामा निवेदन पेस गर्नुहुन मिति २०८३।०७।१२ गतेको उत्तरगया गाउँ शिक्षा समितिको निर्णयानुसार अनुरोध छ । निवेदन प्राप्त नभएर यस प्रक्रियामा समावेश हुन नसकेका वालवालिकाहरुलाई सहयोग प्रदान गर्न नसकिने वेहोरा समेत सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

पेस गर्नुपर्ने कागजातहरु:

- ✓ नजिकको अभिभावकको सहयोगमा निवेदन,
- ✓ जन्मदर्ता प्रमाणपत्र/ नेपाली नागरिकताको प्रमाणपत्र,
- ✓ उत्तीर्ण गरेको तह वा कक्षाको ग्रेडसिट वा लब्धाङ्क पत्र,,
- ✓ सवैभन्दा नजिकको अभिभावकको नागरिकताको प्रमाणपत्र
- ✓ निज विद्यार्थी वा अभिभावकको वैंक खाता विवरण (चेकको फोटोकपी र प्यान कार्ड),
- ✓ अपाङ्गता भए परिचय पत्र,

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ:</u>
श्री सवै वडा कार्यालयहरु- निवेदन सङ्कलन गरी समयमै पत्र मार्फत पालिकामा पेस गर्नुहुन ।
श्री शिक्षा विकास तथा समन्वय एकाई, रसुवा – आवश्यक जानकारीका लागि ।
प्राविधिक सहायक श्री चिरञ्जीवि ढकाल- यस कार्यमा सहजीकरण गरी अन्तिम निवेदन सङ्कलन गर्नुहुन । सम्पर्क नम्वर: ९८६७२३२९०१

<u>सादर अवगतार्थ:</u>
श्री माधवप्रसाद अर्याल- गाउँपालिका अध्यक्ष
श्री चमेली गुरुङ- गाउँपालिका उपाध्यक्ष

२०८३/१०/१६ वोधराज पाठक
वरिष्ठ विद्यालय निरीक्षक
आठौं तह

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४ लहरेपौवा, रसुवा

च.नं. वागमती प्रदेश, नेपाल

निवेदनको ढाँचा:

फोटो

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
उत्तरगया गाउँपालिका, लहरेपौवा, रसुवा ।

विषय : विवरण पेस गरेको सम्वन्धमा ।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाको मिति २०८३/०७/१६ गते प्रकाशित सूचना वमोजिम तपसिलको विवरण र कागजातसहित यो निवेदन पेश गरेको छु ।

१.व्यक्तिगत विवरण:

नाम, थर	उमेर	अध्ययनरत कक्षा वा तह	स्थायी ठेगाना	सम्पर्क नम्वर

२. शैक्षिक संस्था सम्वन्धी विवरण:

वाढी पूर्व अध्ययन गरेको शैक्षिक संस्था र ठेगाना	हाल अध्ययन गरेको शैक्षिक संस्था र ठेगाना

३. आमा नभएको वा वुवा नभएको वा दुवै नभएको:

४. नजिकको अभिभावक सम्वन्धी विवरण:

अभिभावकको नाम, थर	सम्पर्क नम्वर	नाता	अभिभावकको पेशा

५. उच्च शिक्षा अध्ययन गरेको भए अध्ययनको क्षेत्र र वर्ष

निवेदकको नाम : ..... हस्ताक्षर : .....

मिति:

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत